19TH OF MAY

National News

<u>मुख्य समाचार</u>

- लोकसभा चुनाउको पाँचौं चरणमा भोली हुने मतदानका लागि सबै तयारी पूरा
- लोकसभा चुनाउमा धनबल र प्रलोभनलाई रोक्न निर्वाचन आयोगको प्रयासका कारण आठ हजार आठ सय उननब्बे करोड़ रूपियाँ जब्त
- 2024 को लोकसभा चुनावले देशको वर्तमान र भविष्यलाई बलियो बनाउनेप्रधानमन्त्री श्री  नरेन्द्र मोदीको भनाई
- दिल्ली मुख्य निर्वाचन आयुक्तले चुनावमा  युवाहरुलाई मतदानमा  भरपुर समावेस गराउका लागि विभिन्न कार्यक्रमहरू आयोजन
- राष्ट्रिय पछौटे वर्ग आयोगको अनुसार 2014-15 को तुलनामा देशमा अनुसूचित जातिमा अध्ययनरत विद्यार्थीको संख्या 44 प्रतिशतले बढेको रिपोर्ट

<u>लोकसभा चुनाउको पाँचौं चरणमा भोली हुने मतदानका लागि सबै तयारी पूरा</u>

लोकसभा चुनाउको पाँचौं चरणमा भोली हुने मतदानका लागि सबै तयारी पूरा भएको छ। यस चरणमा छहवटा राज्य र दुईवटा केन्द्रशासित प्रदेशहरूका उन्चासवटा लोकसभा आसनमा मतदान हुनेछ। यसमा उत्तर प्रदेशका चौध, महाराष्ट्रका तेह्र, पश्चिम बंगालका सात, ओडिशा र बिहारका पाँच-पाँच, झारखण्डका तीन अनि जम्मू-कश्मीर र लद्दाखका एक-एकवटा आसन शामेल छन्। यस चरणमा धेरै मन्त्रीहरू र सांसदसहित छह सय पञ्चनब्बेजना उम्मेदवार मैदानमा छन्। प्रमुख उम्मेदवारहरूमा केन्द्रिय मन्त्री एवं भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री राजनाथ सिंह, श्रीमती स्मृति ईरानी र श्री पीयूष गोयल, कंग्रेसका श्री राहुल गान्धी र श्री KL शर्मा, नेशनल कन्फ्रेन्सका श्री उमर अब्दुल्ला र लोक जनशक्ति पार्टी (रामबिलास गुट)-का श्री चिराग पासवान शामेल छन्।बिहान सात बजीदेखि शुरू हुने मतदान साँझ छह बजीसम्म चल्नेछ। ओडिशा विधानसभाका पैंतीस आसनमा पनि भोली मतदान हुनेछ। चौरानब्बे हजार सात सय बत्तीसवटा मतदान कन्द्रहरूमा नौं लाख सैंतालीस हजारभन्दा अधिक मतदानकर्मी तैनात गरिनेछ।

मतदान केन्द्रहरूमा पर्याप्त छहारी, पिउने पानी, रेम्प, शौचालय, ह्विलचियर आदिको व्यवस्था हुनेछ। अधिक गर्मीलाई ध्यानमा राख्दै निर्वाचन अधिकारीहरूलाई आवश्यक उपाय निकाल्ने सल्लाह दिइएको छ। चुनाउका पहिलो चार चरणहरूमा अहिलेसम्म तेहीसवटा राज्य र केन्द्रशासित प्रदेशहरूका तीन सय उनासीवटा संसदीय निर्वाचन क्षेत्रहरूमा मतदान सम्पन्न भइसकेको छ। यी चुनाउहरूमा लगभग सड्सट प्रतिशत मतदान भएको छ।

अर्कातिर, यसै महिनाको पच्चीस तारिक लोकसभा चुनाको छैटौं चरणमा हुने मतदानका निम्ति आठवटा राज्य र केन्द्रशासित प्रदेशहरूमा कुल आठ सय उननब्बेजना उम्मेदवार मैदानमा छन्। यसमा जम्मु-कश्मीरको अनन्तनाग-राजौरी निर्वाचन क्षेत्रमा दोस्रोपल्ट हुने चुनाउका निम्ति बीसजना उम्मेदवार पनि शामेल छन्। निर्वाचन आयोगअनुसार छैटौं चरणका लागि अन्ठाउनवटा निर्वाचन क्षेत्रमा एक हजार नौं सय अठतरजनाले पर्चा भरेका थिए, जसमा नौं सयवटा नामांकन वैध पाइए।

यस चरणमा उत्तर प्रदेशमा चौधवटा लोकसभा आसनका लागि सबैभन्दा अधिक चार सय सत्तरीवटा र हरियाणामा दशवटा आशनका लागि तीन सय सत्तरीवटा नामांकन भरिएका छन्।

<u>लोकसभा चुनाउमा धनबल र प्रलोभनलाई रोक्न निर्वाचन आयोगको प्रयासका कारण आठ हजार आठ सय उननब्बे करोड़ रूपियाँ जब्त</u>

लोकसभा चुनाउमा धनबल र प्रलोभनलाई रोक्न निर्वाचन आयोगको प्रयासका कारण आठ हजार आठ सय उननब्बे करोड़ रूपियाँ जब्त गरिएको छ। नशालु पदार्थमाथि कडा निगरानीका कारण जब्तमा लगातार वृद्धि भइरहेछ। अहिलेसम्म तीन हजार नौं सय अन्ठाउन करोड़ रूपियाँभन्दा अधिक मूल्यको नशालु पदार्थ जब्त गरिसकिएको छ। चुनाउ प्रचारले गति पक्डिनका साथै आयोगले मतदाताहरूलाई लोभ्याएर प्रभावित गर्ने कोशिशमाथि कड़ा नजर राखिरहेछ। आयोगले मुख्य निर्वाचन अधिकारीहरू र प्रवर्तन एजेन्सिहरूलाई निगरानी अझ बढ़ाउने निर्देश दिएको छ।

2024 को लोकसभा चुनावले देशको वर्तमान र भविष्यलाई बलियो बनाउनेप्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाई

प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले 2024 को लोकसभा चुनावले देशको वर्तमान र भविष्यलाई बलियो बनाउने बताउनु भएको छ। झारखण्डको जमशेदपुरमा पार्टीका उम्मेदवार श्री विद्युतवरण महतोको प्रचारप्रसारका क्रममा उहाले देशको विकासका लागि व्यवसाय सर्वोपरी भएको तर कांग्रेसले व्यवसायीलाई देशको दुश्मन ठानेको आरोप लगाउनु भयो।

दिल्ली मुख्य निर्वाचन आयुक्तले चुनावमा युवाहरुलाई मतदानमा भरपुर समावेस गर्नकालागि विभिन्न कार्यक्रमहरू आयोजन...

दिल्ली मुख्य निर्वाचन अधिकारीको कार्यालयले राजधानी दिल्लीमा शनिबार 25 मैईमा हुने मतदानका लागि मतदाता सचेतनाका लागि धेरै कार्यक्रमहरू आयोजना गरि रहेको छ। यसै क्रममा आज पश्चिम दिल्ली लोकसभा निर्वाचन क्षेत्र अन्तर्गत खेलकुद परिसर शिवाजी कलेज राजा गार्डेनमा एक साम मतदान के नाम कार्यक्रम आयोजना गरिएको थियो। आफ्नो विज्ञप्तिमा मुख्य निर्वाचन अधिकारी श्री पी कृष्णमूर्तिले भारतमा ठूलो संख्यामा युवा मतदाताहरूको उपस्थिति रहेको र प्रजातान्त्रिक प्रक्रियामा उनीहरूको प्रभाव अत्यन्त महत्त्वपूर्ण रहेको बताउँदै प्रमुख जनसङ्ख्या समूह भएकाले युवा मतदाताले निर्वाचन परिणामलाई मात्र प्रभाव नपार्ने तर देशको नीति र राजनीतिलाई पनि आकार दिने बताउनुभयो। उनीहरूले देशको भविष्यको पनि प्रतिनिधित्व गर्नै उहाँले थप बताउनु भयो। युवाको सहभागितामा जोड दिँदै श्री कृष्णमूर्तिले विशेषगरी पहिलो पटक मतदान गर्ने जाने मतदाताले आफ्नो नेता साथै आफ्नो विचारलाई पनि मतदान गर्ने सुनौलो अवसर पाएको बताउनु भयो। कार्यक्रममा श्री कृष्णमूर्तिले शारीरिक रुपमा असक्षम रहेता पनि मतदान गर्न इच्छुक पन्चानब्बे देखि 100 वर्षसम्मका ज्येष्ठ नागरिकहरू संग पनि भेट गर्नुभयो। दिल्ली मुख्य निर्वाचन अधिकारीले सबै योग्य मतदाताहरूलाई मै 25 मा हुने लोकसभा चुनावमा ठूलो संख्यामा भाग लिन आह्वान पनि गर्नुभएको छ।

आँपले भाजपालाई लगाएको श्रीमती मलिवाल माथीको दुर्व्यवहारको आरोप झुटो रहेको दिल्ली भाजपा अध्यक्षको भनाई--

भारतीय जनता पार्टीले आम आदमी पार्टीकी सांसद श्रीमती स्वाती मालीवालसँग मुख्यमन्त्री श्री अरविन्द केजरीवालका निजी सहायक श्री विभव कुमारको कथित दुर्व्यवहारको मामिलामा आम आदमी पार्टीले बीजेपीलाई झुटो आरोप लगाएको बताएको छ। दिल्ली भाजपा अध्यक्ष श्री वीरेन्द्र सचदेवाले यस मामिलामा पार्टीको कुनै भूमिका नभएको आफ्नो तर्फबाट स्पष्टीकरण

दिनु भएको छ। श्री सचदेवाले श्रीमती स्वाती मालीवाल आम आदमी पार्टीकी सांसद रहेको अनि आफ्नै पार्टीको संयोजकको पी ए ले उनि माथी दुर्व्यवहार गरेको बताउनु भयो। उहाले मुख्यमन्त्री श्री अरविन्द केजरीवाल यस घटनामा किन मौन छन् भनि प्रश्न पनि गर्नुभएको छ।

राष्ट्रिय पछौटे वर्ग आयोगको अनुसार 2014-15 को तुलनामा देशमा अनुसूचित जातिमा अध्ययनरत विद्यार्थीको संख्या 44 प्रतिशतले बढेको रिपोर्ट।

राष्ट्रिय पछौटे वर्ग आयोगको प्रतिवेदन अनुसार 2014-15 को तुलनामा देशमा अनुसूचित जातिमा अध्ययनरत विद्यार्थीको संख्या 44 प्रतिशतले बढेको छ । यो संख्या 2014-15 मा छ्यालीस लाख थियो जो 2021-22 मा बढेर छ्यासट लाख पुगेको छ । अल्पसंख्यक महिला विद्यार्थीको संख्या पनि 2014-15 को तुलनामा ब्यालीस प्रतिशतले बढेको छ । अनुसूचित जातिको छात्राको संख्यामा 51 प्रतिशत र अनुसूचित जनजाति विद्यार्थीको संख्यामा पैसठ प्रतिशतभन्दा बढी वृद्धि भएको छ । प्रतिवेदन अनुसार 2020-21 मा अन्य पिछडिएका वर्गका विद्यार्थीका लागि 27 प्रतिशत आरक्षण लागू भएकाले 34 हजारभन्दा बढी बालबालिका भर्ना भएका छन्। राष्ट्रिय महत्वका संस्थाहरूमा अन्य पिछडिएका वर्ग र तीमध्ये महिलाको संख्यामा 71 प्रतिशतले वृद्धि भएर दोब्बर भएको छ ।